# बिर्तामोड राजपत्र

बिर्तामोड नगरपालिका बिर्तामोड, झापाद्वारा प्रकाशित

खण्ड ४ | संख्या ५ | प्रकाशन मिति २०८०।०३।११

बिर्तामोड नगरपालिकाको प्रशासकीय कार्य पछ्यौट ऐन २०७४ को दफा ४ ले दिएको अधिकार उपयोग गरी बिर्तामोड नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

भाग २

## बिर्तामोड नगरपालिकाको जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि,२०७९

(दोस्रो संशोधन) २०८०

परिच्छेद २ को दफा ३ को उपदफा (आ) मा स्थानीय आवश्यकताको आधारमा भू उपयोग परिषद्ले गरेको वर्गीकरणलाई आधारमानी वर्गीकृत क्षेत्रको आधारमा कित्ताकाट गरिनेछ। ५००० वर्गमिटर वा सो भन्दा बढी क्षेत्रफल भएका जग्गाहरुको कित्ताकाट गर्दा आवास र व्यवसायिक क्षेत्रमा वर्गीकृत जग्गाहरुमा नेपाल सरकारमा दर्ता भएको कम्तीमा ६ मिटर चौडाईको बाटो कायम भएको हुनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा स्थानीय आवश्यक्ताको आधारमा भु उपयोग परिषद्ले गरेको वर्गीकरणलाई आधारमानी वर्गीकृत क्षेत्रको आधारमा कित्ताकाट गरिनेछ। ५००० वर्ग मि. र सो भन्दा बढी क्षेत्रफल भएका जग्गाहरुको कित्ताकाट गर्दा आवास र व्यवसायिक क्षेत्रमा वर्गीकृत जग्गाहरुमा फिल्डमा कम्तीमा ६ मि. चौडाईको बाटो रहेको हुनुपर्नेछ र सो सम्बन्धमा विर्तामोड नगरपालिका नगरकार्यपालिकाको फिल्ड स्केच नक्सा सहित बाटो प्रमाणित सिफारिस बमोजिम कित्ताकाट गर्नु पर्नेछ भन्ने संशोधन गरिएको।

प्रमाणीकरण मिति
२०८०|०३|०९

आज्ञाले
विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत